आज मिति २०७९ असार ३० गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको चौथो (४/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रंसं | पद | नामथर | हस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | श्री मंगल बहादुर शाही | |

## मिति : २०७९/०३/३० गते कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**विषय सूची :**

१. सार्वजनिक सुनुवाई सम्वन्धमा ।

२. आन्तरिक आय/राजश्व सम्वन्धमा ।

३. विविध सम्वन्धमा ।

- पदपूर्ति सम्वन्धमा ।
- नगर विकास समितिको पूर्णता सम्वन्धमा ।
- नियमित कार्यपालिका बैठकको मिति तय सम्वन्धमा ।
- फोहर व्यवस्थापन तथा सामुदायिक पशु व्यवस्थापन सम्वन्धमा ।
- कृषि संग्राहालय स्थापनका लागि जग्गा व्यवस्था/खोजी सम्वन्धमा ।
- जनयुद्ध तथा सहिद स्मृति पार्क निर्माणका लागि आवश्यक जग्गा सम्वन्धमा ।
- भू-उपयोग सम्वन्धमा ।
- नगर प्रहरी दरवन्दी थप गर्ने सम्वन्धमा ।
- आर्थिक सहयोग सम्वन्धमा (गम्भिर दीर्घ रोग लागेका विरामी) ।
- खाल्डाखुल्डी पुर्ने सम्वन्धमा ।
- कोल्ड स्टोर निर्माणको लागि सिंचाई संगको लागत सहभागिता सम्वन्धमा ।

(४/२०७९-०४) कार्यपालिका बैठकको निर्णय

प्रमुख प्रशासकिय अधिकृत

## निर्णयः

निर्णय नं. १ :- यस नगरपालिको चालु आ.व.०७८/०७९ मा भएका कार्यपालिका वैठकको निर्णयहरुको कार्यान्चयनको अवस्था सम्वन्धमा समीक्षा गरियो साथै सेवा प्रवाहलाई थप व्यवस्थित गर्दै लैजान आवश्यक कार्यालय सामाग्रीको व्यवस्थापन गर्ने ।

निर्णय नं. २ :- यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ मा भए गरेका सम्पूर्ण योजना, कार्यक्रम तथा सेवा प्रवाहको वार्षिक सार्वजनिक सुनुवाई यहि मिति २०७९/०३/३१ गते दिनको १ बजे तय गरिएकोमा उक्त कार्यक्रममा सम्पूर्ण कार्यपालिका सदस्य/पदाधिकारी सहभागि हुने ।

निर्णय नं. ३ :- यस नगरपालिकाको आन्तरिक आयलाई प्रभावकारी रुपमा संचालन व्यवस्थापन गर्ने सम्वन्धमा देहाय बमोजिम गर्ने ।

क) बक्यौता रकम असुल उपर : यस नगरपालिकाको आन्तरिक आयको लागि ठेक्का वन्दोवस्ती गरिएका देहायका ठेक्काहरुमा रकम बक्यौता देखिएको हुँदा नियमानुसार बक्यौता रकम असुल उपर गर्न कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

| बक्यौता रकम असुल उपर | | | |
|---|---|---|---|
| क.सं. | सम्बन्धित ठेक्का | सम्वन्धित फर्म/व्यक्ति | कैफियत |
| १ | टीउनी सतकट्टी घाट उतराही ठेक्का | जिवन रावल | |
| २ | र्‍याफ्टिगं व्यवसाय संचालन | नम :कर्णाली एग्रो टुरिज्म प्रा.लि | |
| ३ | पशुहाट बजारमा पशु चौपाया खरिद तथा विक्रि सम्वन्धि ठेक्का | जनक रावल | |

प्रमुख प्रशासकिय अधिकृत

ख) मर्मत सम्भार/निर्माण तर्फ : नगरपालिकाको स्वामित्व तथा मातहतमा रहेका र नगरपालिकाको प्रत्यक्ष आय सँग जोडिएका तपसिल बमोजिमका संरचनाहरु मर्मत सम्भार कोषमा विनियोजित बजेटबाट निर्माण तथा मर्मत सम्भार गर्ने ।

१. नगरपालिका कार्यालय परिसरको वरीपरी रहेको सपिगं कम्पेलेक्स भवन मर्मत तथा नव निर्माण भवनको बाहिर पेविगं /पेटी निर्माण कार्य ।

२. वडा नं. १ स्थित पशु हाट बजारको संरचना मर्मत ।

३. नगरपालिकाको वजार क्षेत्र भित्र रहेका २ वटा सार्वजनिक शौचालय मर्मत ।

४. टीकापुर स्थित चिल्ड्रेन पार्क मर्मत ।

**ग) सम्झौता रद्द गर्ने :** यस नगरपालिकाको आन्तरिक आयका लागि ठेक्का प्रक्रिया /सम्झौता गरिएका तपसिल बमोजिमका सम्झौता रद्द गर्ने ।

१. टी.न.पा.वडा नं. ५ स्थित टीकापुर वृहत उद्यान(बंगला पार्क) को पिकनिक स्पटमा रहेको सटर कवल सम्वन्धी सम्झौता ।

२.टी.न.पा. वडा नं.१ स्थित चिल्ड्रेन पार्क ।

**घ) यस नगरपालिका क्षेत्र भित्र रहेका तपसिल बमोजिमका कृषि हाट बजार करको दायरामा नआएको देखिएको हुँदा नियमानुसार करको दायरामा ल्याउन प्रक्रिया बढाउने ।**

क) वडा नं.१, ब्लक नं. स्थित कृषि हाट वजार

ख) वडा नं. १ , ब्लक नं. स्थित कृषि हाट वजार

ग) वडा नं. ७, वडा कार्यालय नजिक रहेको कृषि हाट वजार ।

ङ) नगरपालिकाको आन्तरिक आयका लागि यस अघी ठेक्का लगाई समय समाप्त भएका र नियमानुसार ठेक्कामा लैजानु पर्ने सम्पूर्ण क्षेत्रहरुको समयमानै ठेक्का प्रक्रिया अगाडि बढाउन कार्यपालिका कार्यालयलाई निर्देशन दिने साथै ठेला रिक्साहरुको व्यवस्थापन तथा नियमन सम्वन्धमा आवश्यक कार्यविधि/मापदण्ड बनाई लागु गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

च) टीकापुर नगरपालिका वडा नं. १ , अस्पतालको दक्षिण तर्फ नगरपालिकाको स्वामित्वमा रहेको माशु विक्री स्थल उपयुक्त नदेखिएको हुँदा उक्त माशु विक्री स्थलमा व्यवसाय संचालन गरी रहेका व्यवसायीहरुलाई अर्को व्यवस्था नभए सम्मका लागि आ-आफ्नो हिसावले नियमानुसार व्यवसाय संचालन गर्न सम्वन्धितलाई जानकारी गराउने । साथै सो सार्वजनिक क्षेत्रलाई टीकापुर वाटिकाका रुपमा संरचना निर्माण गरी संरक्षण गर्ने ।

निर्णय नं. ४ :-क) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं.२०७९/०८०, च.नं. ३६३ को मिति २०७९/०३/२२ को परिपत्र तथा मिति २०७९/०३/२५ गते प्रकाशित सार्वजनिक सूचना बमोजिम यस टीकापुर नगरपालिकाको रोजगार सेवा केन्द्रको लागि तपसिल बमोजिमको पद करारमा पदपूर्ति गर्ने ।

| क्र.सं. | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|
| १ | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तथा सरह | १ |

ख) नगर प्रमुखले पाउने गाडी सुविधा अन्तर्गत सवारी चालकको व्यवस्थापन गर्नुपर्ने भएको हुँदा १ ( एक) जना सवारी चालक सेवा करारमा व्यवस्थापन गर्ने ।

ग) यस नगरपालिकाको भूमि व्यवस्थापन सम्वन्धी कार्य अगाडि वढाउने सम्वन्धमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८ बमोजिम राष्ट्रिय भूमि आयोग, भूमिहीन दलित, भमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी सेवा केन्द्र, टीकापुर -कैलालीका लागि जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धमा यस नगरपालिका कार्यपालिकाको कार्यालयको मिति २०७८/१२/०७ गतेको निर्णयानुसार कामकाज लगाईएका जनशक्तिलाई अर्को व्यवस्था नभए सम्मका लागि करारमा निरन्तरता दिने साथै सर्भेक्षक तथा अमिनको हकमा आयोग समक्ष अनुरोध गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

घ) यस नगरपालिकाको नियमन सम्बन्धी कार्यमा लागि नगर प्रहरीको भूमिका प्रभावकारी देखिएको र हाल मौजुदा जनशक्ति अप्रयाप्त देखिएको हुँदा तपसिल वमोजिम नगर प्रहरीको दरवन्दि थप गरी करार सेवामा पदपूर्ति गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

| क्र.सं. | नगर प्रहरीको हाल स्वीकृत दरबन्दि | थप दरबन्दि | जम्मा कायम हुने दरबन्दि | पदपूर्ति गर्नुपर्ने दरवन्दि |
|---|---|---|---|---|
| १ | ७ | ४ | ११ | हाल रिक्त २ र थप ४ गरी ६ जना |

निर्णय नं. ५ : नगर विकास ऐन, २०४५ को दफा ४ मा रहेको प्रावधान अनुरुप यस टीकापुर नगरपालिका, नगर विकास समितिलाई पूर्णता प्रदान गर्न उक्त दफाको उपदफा ४.२.५ र ४.२.६ को हकमा तपसिल वमोजिम सदस्य तोक्ने /मनोनीत गर्ने ।

तपसिल :

| सम्वन्धित दफा/उपदफा | ऐनमा रहेको प्रावधान | कार्यपालिकाबाट तोकिएको /मनोनीत सदस्यको नाम थर | कैफियत |
|---|---|---|---|
| दफा ४: नगर विकास समितीको गठन को उपदफा ४.२.५ | नगर कार्यपालिका वा गाउँ कार्यपालिकाका सदस्यहरु मध्येवाट सम्वन्धित नगर कार्यपालिका वा गाउँ कार्यपालिकाले तोकेको तीन जना सदस्य -सदस्य | १.यज्ञ प्रसाद न्यौपाने<br>२ दिपक निशानी<br>३.ऋषि वि.क | |
| ऐजन दफाको उपदफा ४.२.६ | स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका सोही क्षेत्रका समाजसेवीहरु मध्येवाट सम्वन्धित स्थानीय तहको कार्यपालिकाले मनोनीत गरेका एक जना महिला सहित २ जना -सदस्य | १. रन वहादुर वि.क<br>२. उषा चौधरी | वडा नं. १<br>वडा नं. ५ |

निर्णय नं.६ :- यस नगरपालिको नियमीत कार्यपालिका वैठक प्रत्येक महिनाको १५ गते दिउँसो १:०० बजे बस्ने तय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं.७ :– क) यस नगरपालिका क्षेत्रमा दैनिक रुपमा निस्कने/उत्पादन हुने फोहर मैलाको मात्रा दिन प्रतिदिन बढ्दो क्रममा रहेको र यसको उचित व्यवस्थापन नगरेमा वातावरण तथा जनस्वास्थ्यमा प्रतिकूल समस्या पर्न जाने देखिएकोले दीर्घकालिन रुपमा फोहरमैला व्यवस्थापन गर्न निजी तथा सामुदायिक क्षेत्रको संलग्नता आवश्यकता देखिएको हुँदा व्यक्ति/संघ/संस्थालाई सार्वजनिक सूचना मार्फत प्रस्तावना आह्वान गरी फोहर मैला व्यवस्थापन सम्बन्धी कार्य अघी बढाउने ।

ख) यस नगरपालिका क्षेत्रमा दिन प्रतिदिन सामुदायिक चौपायाको संख्यामा बृद्धि हुँदै गएको र हाल वडा नं.५ स्थित खोटेना भुराखानीमा सामुदायिक चौपायाको नगरपालिकाबाटनै संचालन व्यवस्थापन गरिदै आएकोमा सामुदायिक चौपाया व्यवस्थापन कार्यमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता आवश्यक देखिएको हुँदा व्यक्ति/संघ/संस्थालाई सार्वजनिक सूचना मार्फत प्रस्तावना आह्वान गरी कार्य सामुदायिक चौपायाको व्यवस्थापन सम्बन्धी कार्य अघी बढाउने ।

निर्णय नं. ८ :- भू उपयोग ऐन, २०७६ को दफा १८ मा रहेको प्रावधान बमोजिम यस टीकापुर नगरपालिकाको भूउपयोग क्षेत्र तथा भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयनका लागि यस नगरपालिकाको कार्यपालिकाले भू उपयोग परिषद्को रुपमा कार्य गर्ने ।

निर्णय न ९ :- क) रानी जमरा कुलरिया सिंचाई प्रणाली जल उपभोक्ता संस्था मूल समिति , टीकापुर कैलालीको प.स. २०७८/०७९, च.नं.३२९, मिति २०७९/०३/०५ बाट रानी जमराकुलरिया सिंचाई प्रणालीका कृषकहरुले परम्परागत रुपले प्रयोग गर्दै आएका पुराना प्रणाली ,ऐतिहासिक कृषि ज्यावल, हस्तकला तथा सिंचाई, खेतिपाती सँग सम्बन्धित घरेलु पौराणिक औजार तथा बस्तुहरुको संरक्षणका लागि रानी जमरा कुलरिया सिंचाई प्रणालीको कमाण्ड एरियामा कृषक संग्राहालय स्थापना गर्न जग्गाको व्यवस्थाका लागि अनुरोध गरिएकोमा उक्त जग्गाको आवश्यक व्यवस्थाका लागि नगर विकास समिति, टीकापुर कैलालीलाई अनुरोध गर्ने ।

ख) जनयुद्ध तथा सहिदहरुको सम्मान स्वरुप यस नगरपालिका क्षेत्रमा "जनयुद्ध तथा सहिद स्मृति पार्क" निर्माण गर्न आवश्यक जग्गा व्यवस्थाका लागि नगर विकास समिति, टीकापुर कैलालीलाई अनुरोध गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. १० :- यस नगरपालिका क्षेत्र अन्तर्गत बसोबास गर्ने देहाय बमोजिमका व्यक्तिहरु जटिल रोगबाट पिडीत भएको ,आर्थिक अभावका कारण औषधी उपचार गर्न नसकि रहेको हुँदा आर्थिक सहयोग गरी पाउँ भनि नगरपालिका समक्ष निवेदन पेश भएको सम्बन्धमा आगामी आ.व. ०७९/०८० का लागि आर्थिक सहयोग शिर्षकमा विनियोजित बजेटबाट तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने ।

तपसिल :

| क्र.सं. | नाम थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दिपक प्रसाद जैशी | वडा नं. १, औद्योगिक क्षेत्र | ५०,०००।- | |
| २ | खडक साउँद | वडा नं. १, ब्लक नं.बी | ५०,०००।- | |
| ३ | नर बहादुर चौधरी | वडा नं. १, बनगाउँ | ५०,०००।- | |
| ४ | खिरमान डगौरा | वडा नं. ९, टी.न.पा | ५०,०००।- | |
| ५ | डम्मर ओड | वडा नं. ३, टी.न.पा | ५०,०००।- | |

निर्णय नं. ११ :- यस टीकापुर नगरपालिका वडा नं.४ (साविक मौरनिया गा.वि.स.वडा नं. १) स्थित कि.न.२०२ क्षेत्रफल ०-१-५ र कि.नं.३४५ क्षेत्रफल ०-४-० विगत वर्ष देखि मौरनियाँ गाउँबासीको संरक्षणमा रहेको र हाल कहि कसैको नाममा नरहेको हुँदा नगरपालिकाको स्वामित्वमा लिई संरक्षण गर्न सम्वन्धित वडाबाट सिफारिस भई आएकोमा उक्त जग्गा नगरपालिकाले सार्वजनिक जग्गाको रुपमा संरक्षण गर्ने ।

निर्णय नं.१२ :-यस नगरपालिकाको मुख्य बजार क्षेत्र लगायत वडाका मूख्य मूख्य सडकहरुमा खाल्डाखुल्डि रहेको सन्दर्भमा वर्षातको समयमा उक्त सडकहरुमा यातायातका साधनहरु आवत जावत गर्न सहजता प्रदान गर्न, सम्भावित दुर्घटनालाई रोक्न नगरपालिकाको साधन स्रोत प्रयोग गरी तत्काल खाल्डाखुल्डी पुर्ने/मर्मत सम्भार गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. १३ :- कमैया मुक्त भएको अवसरको [illegible] सम्झनामा यहि मिति २०७९ साउन २ गते कमैया मुक्ती दिवस मना[illegible] नगरपालिका अन्तर्गत रहेका वडा कार्यालय/स्वास्थ्य संस्था/शैक्षिक संघसंस्था लगायत सरोकारवाला सम्वद्ध सार्वजनिक निकायहरुमा एक दिन सार्वजनिक विदा दिने ।

निर्णय न.१४ :- रानी, जमरा, कुलरिया सिचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन इकाई अन्तर्गत टीकापुर नगरपालिका वडा नं. १ मा विश्व बैंकको ७५ प्रतिशत अनुदानमा निर्माण हुन गईरहेको शित भण्डार (Cold Store) का लागि आ.व. ०७८/०७९ मा विनियोजित वजेट रु.१,१५,००,०००।- (एक करोड, पन्ध लाख) लाई निरन्तरता प्रदान गर्ने/उपलब्ध गराउने ।

(४/२०७९-०८) कार्यपालिका बैठकको निर्णय

प्रमुख प्रशासकिय अधिकृत